# षडानन्द नगरपालिका

## दिङ्ला, भोजपुर

# बालुवा, नदिजन्य सामाग्री प्रशोधन उद्योग तथा नदीजन्य सामाग्री व्यवस्थापन कार्यविधि २०७९

प्रस्तावना: षडानन्द नगरपालिका क्षेत्रमा संचालनमा रहेका बालुवा, नदिजन्य समाग्री प्रशोधन उद्योग र विभिन्न नदी खोलाहरुबाट नदीजन्य सामाग्री उत्खनन् संकलन र ढुवानी कार्यलाई सरल, सहज र दिगो व्यवस्थापन गर्नकालागि नेपालको संविधान २०७२ को धारा २२६ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाइएको छ।

## परिच्छेद १

## प्रारम्भिक

**संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"बालुवा, नदिजन्य सामाग्री प्रशोधन उद्योग तथा नदीजन्य सामाग्री व्यवस्थापन कार्यविधि २०७९"** रहेको छ।

(२) यो कार्यविधि षडानन्द नगर कार्यपालिकाबाट पारित भएको मितिबाट लागू हुनेछ।

## परिच्छेद २

## वालुवा, नदिजन्य सामाग्री प्रशोधन तथा संकलन व्यवस्था

**२. बालुवा, नदिजन्य सामाग्री प्रशोधन उद्योग सम्बन्धमा :** (१) यस नगरपालिका क्षेत्र भित्र हाल सम्म स्थापना भएको बालुवा प्रशोधन उद्योग, क्रसर उद्योगहरुको विवरण व्यवसायीहरुले यो कार्यविधि लागू भएको दिन देखि १५ दिन भित्रमा उद्योग सम्बन्धी दर्ता लगायतका आवश्यक कागजात, Initial Environmental Examination (IEE), Environmental Management Plan (EMP) लगायतका प्रतिवेदन यस षडानन्द नगरपालिकमा बुझाउनु पर्ने छ।

(२) बालुवा, नदिजन्य सामाग्री प्रशोधन उद्योग तथा क्रसर उद्योगहरुले मापदण्ड, नियम पालन गरे नगरेको अनुगमन परिच्छेद ४ बमोजिमको समितिले गर्नेछ र मापदण्ड अनुसार भएको नपाईएमा नगर कार्यपालिकाले सो उपर कारवाही गर्ने गराउनेछ।

(३) बालुवा प्रशोधन उद्योग / क्रसर उद्योग प्लान्टहरुले नदीजन्य सामाग्रीको निर्यात तथा खपत विवरण प्रत्येक १५ । १५ दिनमा यस नगरकार्यपालिकामा बुझाउनु पर्नेछ। साथै, कुन खोला वा खानीको नदीजन्य सामाग्री भण्डारण भएको हो सो सम्बन्धमा समेत षडानन्द नगरपालिकामा जानकारी गराउनु पर्नेछ।

(४) नदीजन्य समाग्री ढुवानी गर्ने सडक तथा पहुचमार्ग समेत उल्लेख गर्नु पर्नेछ उक्त सडकको खाल्डा खुल्डी पुर्ने र पानी स्वयम प्रसोधन व्यवसायीले नै हाल्नु पर्नेछ।

सुरेन्द्र कुमार [illegible]
नगर प्रमुख

(५) ढुवानी कर्ताले बालुवा, नदिजन्य सामाग्री प्रशोधन उद्योगबाट विक्रीभएको सामाग्रीको रसिद (मुल्य अभिबृद्धि कर सहित) साथमा राखीढुवानी गर्नु पर्नेछ। ढुवानीको गाडी संगै रसिद नभएको खण्डमा नगरपालिका कार्यालयले कर अशुल गर्न गराउन सक्नेछ।

(६) नगर कार्यपालिकाले आवश्यक्ता अनुसार आकस्मिक रुपमा समेत नदीजन्य सामाग्रीको भण्डारण स्थलको निरीक्षण गर्न सक्नेछ।

**३. कर संकलन सम्बन्धमा :** (१) अन्य स्थानीय तहमा नदीजन्य सामाग्रीको कर तिरी सके पछी षडानन्द नगर क्षेत्रमा सोही सामाग्रीको सोही कर दोहोरो लिईने छैन। तर कर तिरेको प्रमाण देखाउन नसकेमा प्रवेश गरिने स्थानीय तहमा कर अशुल गर्न बाधा पर्ने छैन।

(२) कर छली गर्ने उदेश्यले वा नगर कार्यपालिकाले निषेधित गरेको स्थान वा समयमा लुक्की छिपी उत्खनन् वा ढुवानी गरेको पाईएमा त्यस्तो उत्खनन् भएको सामाग्री जफत गरी सो सामाग्रीमा लाग्ने कर असुल गर्ने गराईने छ र सो बरावरको जरिवाना समेत गरी नगर कार्यपालिकाको कार्यालयमा जम्मा गरिनेछ। साथै सोको सूचना दिने वा पक्राउ गर्ने व्यक्तिलाई पुरस्कार स्वरुप असुल भएको जारिवानाको २५ प्रतिशत रकम उपलब्ध गराईने छ।

## परिच्छेद ३
## नदीजन्य सामग्रीको उत्खनन

**४. घाटगद्धी सम्बन्धी सम्बन्धमा :** (१) नेपाल सरकारबाट नदीजन्य सामाग्रीको उत्खनन्, संकलन तथा ढुवानीमा प्रतिवन्ध लगाईने असार, श्रावण र भाद्र महिनामा घाटगद्दि गरी राखिएको सामाग्री विक्री तथा ढुवानी गर्नु परेमा नगर कार्यपालिकामा निवेदन दिई भण्डारण प्रमाणित गराएर मात्र ढुवानी गर्न पाईनेछ। भण्डारण प्रमाणित गराउँदा सेवाशुल्क वापत प्रति घनमीटर रु. १५/- का दरले शुल्क लिइनेछ।

(२) भण्डारण प्रमाणित भए पछि भण्डारण कर्ताले प्रत्येक १५/१५ दिनमा खपत भएको सामाग्रीको विवरण यस षडानन्द नगरपालिकामा बुझाउनु पर्ने छ

(३) भण्डारण प्रमाणित भएको मिति देखि कुल मौज्दात घटेको हुनु पर्नेछ यदी अनुगमनको क्रममा भण्डारण प्रमाणित गरेको मौज्दात भन्दा बढी पाईएमा नियमानुसार कारवाही हुनेछ।

**५. निजी जमिनबाट नदीजन्य सामाग्रीको उत्खनन् र व्यवस्थापन सम्बन्धमा :** विगत वर्षहरुका बाढीको कारणले बिग्रेको जमिन मिलाउदा वा पोखरी निमार्ण गर्दा सोबाट निस्किने बालुवा, ढुङ्गा, गिट्टी सोहि ठांउमा थुपार्नु पर्ने वा पोखरीको डिलमा प्रयोग गर्नु पर्नेछ। यदी उक्त सामाग्रीहरु विकास निमार्णको कार्यमा प्रयोग गर्नु परेमा प्रदेश सरकारबाट स्वीकृत भएको दर अनुसारको राजश्व नगर कार्यपालिकामा बुझाई अनुमती लिएर मात्र सामाग्रीको ओसार पोसार गर्न पाईने छ।

**६. राष्ट्रिय राजमार्ग वा पहिलो प्राथमिकता प्राप्त आयोजना वा नगरपालिकाको गौरवको आयोजनको लागि क्रसर राख्न वा बालुवा प्रशोधन उद्योग राख्न अनुमति दिने सम्बन्धमा :** नगर क्षेत्रभित्र निर्माणधिन रहेका राष्ट्रिय राजमार्ग वा पहिलो प्राथमिकता प्राप्त आयोजना वा प्रदेशका गौरवका आयोजना तथा नगरपालिकाको गौरवका ठूला आयोजनाहरुको निर्माणलाई सहजिकरण गर्नका लागि त्यस्ता आयोजनाहरुको वातावरणीय मूल्याङ्कन प्रतिवेदन, बोलपत्र



कुमार
नगर प्रमुख

CamScanner

सम्बन्धी कागजातहरु वा सम्झौतामा नदीजन्य पदार्थ उपलब्धताको सम्बन्धमा कुनै विषय उल्लेख गरिएको रहेछ भने त्यस्ता आयोजना सञ्चालन गर्ने निकायको सिफारिसमा आयोजनाहरु निर्माण अवधिभर अस्थायी रुपमा क्रसर वा बालुवा प्रशोधन उद्योग/प्लान्ट स्थापना गर्न नगर कार्यपालिकाले अनुमती दिन सक्नेछ । साथै वोलपत्र सम्बन्धी कागजात वा अन्य कागजातमा उल्लेख नभएको तर उक्त कार्यको लागि यस्ता उद्योग स्थापना नगरी आयोजना संचालन गर्न कठिनाई हुने भनी नगर कार्यपालिकाले महसुस गरेमा तोकिएको मापदण्ड बमोजिम नगर कार्यपालिकाले अस्थायी स्थापना अनुमति प्रदान गर्न सक्ने छ तर त्यस्ता उद्योगबाट पर्ने वातावरणिय प्रभावको न्यूनिकरण गरि सञ्चालन गर्ने जिम्मेवारि सम्बन्धीत उद्योग वा प्लान्ट सञ्चालको हुनेछ । त्यस्तका लागि लाग्ने अनुमती दस्तुर र बार्षिक नविकरण दस्तुर नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ । साथै त्यस्ता उद्योगले प्रयोग गर्ने कच्चा पदार्थ IEE को प्रतिवेदनमा उल्लेखित परिमाण अनुसार संघिय तथा प्रदेश कानूनले तोके बमोजिमको दररेट नगरपालिका बुझाई उद्योगहरुले प्रयोग गर्नुपर्नेछ । साथै सामान्यतया यस्ता उद्योगबाट उत्पादित सामाग्री अन्य प्रयोजनको लागि उपलब्ध गराउन पाइने छैन तर तत्काल त्यस्ता सामाग्री अन्य महत्वपूर्ण आयोजनालाई उपलब्ध नगराउदा आयोजना निर्माणमा समस्या हुने देखिएमा नगर कार्यपालिकाबाट सामाग्रीको दुरुपयोग नहुने सुनिश्चित गरि थप राजश्व लिई प्रचलित कानून विपरित नहुने गरि उपलब्ध गराउन सक्ने छ ।

**७. क्रसर उद्योग/प्लन्ट स्थापना गर्न अनुमति माग गर्ने निवेदनको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ । साथै नगरपालिकाले प्रदान गर्ने अनुमतिको ढाँचा अनुसूची-२ बमोजिमको हुनेछ ।**

**८. वातावरणीय नकारात्मक प्रभाव न्युनिकरण सम्बन्धमा :** नदीजन्य सामाग्री उत्खनन्, संकलन, प्रशोधन तथा ढुवानी कार्यमा संलग्न ब्यवसायीहरुले प्रयोग गर्ने सडकको खाल्डा खुल्टी पुर्ने, धुलो नउडने गरी पानीले भिजाउने कार्य एकल वा सामुहिक रुपमा गर्नु पर्नेछ यसका लागि सम्बन्धीत वडा कार्यालयले आवश्यक समन्वय गर्नेछ ।

## परिच्छेद ४
## स्थानिय अनुगमन सिमित सम्बन्धी व्यवस्था

**१. स्थानिय अनुगमन समिति :** स्थानिय स्तरमा नदिजन्य पदार्थमा आधारित उद्योगहरुले प्रचलित कानून तथा यस कार्यविधिको पालना एवम् गुणस्तर सुनिश्चित गर्न स्थानिय तहले सम्बन्धित स्थानिय तहको प्रमुखको नेतृत्वमा तपशिल बमोजिमको अनुगमन समिति गठन गर्नेछं ।

| | | |
|---|---|---|
| क) | नगर प्रमुख | अध्यक्ष |
| ख) | नगर उप-प्रमुख | सदस्य |
| ग) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) | जिल्ला प्रशासन कार्यालय प्रमुख/ ईलाका प्रशासन कार्यालय प्रमुख | सदस्य |
| ङ) | जिल्ला वन कार्यालय प्रमुख / सव-डिभिजन वन कार्यालय प्रमुख | सदस्य |
| च) | ईलाका प्रहरी कार्यालय प्रमुख/प्रतिनिधि | सदस्य |
| छ) | सम्बन्धित वडाका वडाका अध्यक्ष | सदस्य |
| ज) | पूर्वाधार शाखा प्रमुख वा तोकिएको प्रतिनिधि | सदस्य सचिव |

समितिले आवश्यक देखेमा अन्य व्यक्तिलाई अमन्त्रण गर्न सक्नेछ ।

**२. स्थानिय अनुगमन समितको काम, कर्तव्य र अधिकार :** नगर कार्यपालिकाले तोकिएबमोजिम हुनेछ ।

सुरेन्द्र कुमार
नगर प्रमुख

## परिच्छेद ५
## जरिवाना सम्बन्धी व्यवस्था

**८. जरिवाना सम्बन्धमा :** (१) नदीजन्य सामाग्रीको उत्खनन्, संकलन, ढुवानी कार्यमा देहाय अनुसार नभएको खण्डमा दण्डनीय हुनेछ।

(क) निषेधित क्षेत्रबाट नदीजन्य सामाग्री उत्खनन् संकलन गरेमा।

(ख) अनुमति विना हेभि मेसिनरी सामाग्री नदी भित्र प्रवेश गराएमा।

(ग) वातावरणीय दृष्टिले संवेदनशिल क्षेत्र जस्तै पुलको ५०० मि. तल माथी, तटबन्ध गरिएको स्थान नजिक क्षेत्रबाट, खोलाको दुवै किनार क्षेत्रहरुबाट नदीजन्य सामाग्री उत्खनन् संकलन गरेमा, IEE प्रतिवेदन अनुसारको मापदण्ड र प्रावधान विपरित बढी गहिराई र चौडाईमा उत्खनन् गरेमा।

(घ) अनुमति नलिई नगर कार्यपालिकाले तोकेको स्थान र समय भन्दा बाहिर उत्खनन् र ढुवानी गरेमा।

## परिच्छेद ६
## विविध

९. यस कार्यविधिमा परेका विषयहरु यसै बमोजिम र नपरेको हकमा प्रचलित नेपाल कानुन (संघीय र प्रदेश) अनुसार हुनेछ ।

१०. वाधा अड्काउ : यो कार्यविधि कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ आईपरेमा प्रचलित कानून बमोजिम कार्यपालिकाले वाधा अड्काउ फुकाउन सक्नेछ।

११. यो कार्यविधिमा उल्लेख भएको कुरा यसै कायीविधि बमोजिम हुनेछ यस कार्यविधिमा उल्लेख नभएको कुरा प्रचलित कानून बमोजिम हुनेछ।

**१२. संशोधन र खारेजी:** यो कार्यविधि लागू हुनु भन्दा पहिले नदिजन्य पदार्थमा आधारित उद्योग स्थापना सम्बन्धमा भए गरेका काम कारवाहि यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ। यस कार्यविधि आवश्यकता अनुसार संसोधन र खारेजी नगर कार्यपालिकाले गर्न सक्नेछ।

... कुमार ...
नगर प्रमुख

# अनुसूची-१

## नदिजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालन अनुमतिका लागि दिनु पर्ने दरखास्तको ढाँचा

(परिच्छेद-३ नियम ७ सँग सम्बन्धित)

मितिः ............/...../.....

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
षडानन्द नगरपालिका
दिङ्ला, भोजपुर

विषयः अनुमतिपत्र पाउँ भन्ने बारे।

महोदय,

देहाय बमोजिमको उद्योग सञ्चालनगर्न इच्छुक भएकोले मेरो/हाम्रो फर्म कम्पनीलाई अनुमतिपत्र प्रदान गरिदिनु हुन आवश्यक कागजात सहित यो निवेदनपत्र पेश गरेको छु/छौं। लेखिएको व्यहोरामा कुनै कुरा झुठ्ठा ठहरे प्रचलित नेपाल कानुन बमोजिम सहुँला बुझाउँला।

१. फर्मको पूरा नाम –
२. फर्मको पूरा ठेगाना –
३. उद्योग सञ्चालन गर्ने स्थान (GPS लोकेशन समेत) –
४. उद्देश्य –
५. पूँजी –
६. कारोबार गर्ने वस्तु तथा कामको विवरण –
७. संलग्न कागजातहरुः

(फर्म दर्ताको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, नविकरण गरेको प्रमाण, स्वघोषणा सम्वन्धी कागज)

दरखास्तवालाको नामः
सहीः
नागरिकता नम्बरः
सम्पर्क नं.

सुरेन्द्र कुमार उदास
नगर प्रमुख

अनुसूची २

नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालनको अनुमति पत्रको ढांचा

(परिच्छेद-३ नियम ७ सँग सम्बन्धित)

षडानन्द नगरपालिका

दिङ्ला, भोजपुर

## अनुमतिपत्र

श्री ............................ ..............................................

महाशय,

तपाईको फर्म र कम्पनीले .......................... सम्वन्धी कार्य गर्नको लागि यस कार्यालयमा पेश गर्नुभएको निवेदन र संलग्न कागजात उपर कारवाही हुँदा मिति .................. को निणर्यानसुार ........................... कार्य गर्ने गरी यो अनुमति पत्र दिइएको छ। प्रचलित कानून बमोजिम गर्नु गराउनु होला।

१. अनुमति प्राप्त गर्ने फर्म कम्पनीको नामः

२. फर्मर कम्पनी संचालकको नामः

३. ठेगानाः

४. फर्मर कम्पनी सञ्चालन हुने स्थानः

५. चार किल्लाः अनुमतिपत्र प्रदान गर्ने अधिकृतको नामः

दर्जाः

दस्तखतः

मितिः

द्रष्टव्यः यो अनुमतिपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन २०००/– रुपैयाँ दस्तुर लाग्नेछ।

सुरेन्द्र कुमार उदास
नगर प्रमुख



CamScanner